मा. मन्त्रीज्यूबाट
२०८३/०६/२० गते
स्वीकृत

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास विभाग
श्रीसदन फुल्चोक, ललितपुर

रणनीतिक कृषि सडक विकास कार्यक्रम (कार्यान्वयन) कार्यविधि, २०८३

<u>प्रस्तावना:</u> रणनीतिक कृषि सडक विकास कार्यक्रम सम्बन्धी आयोजनाको छनोट, लेखाजोखा, विकास, कार्यान्वयन र व्यवस्थापनलाई वस्तुगत मापदण्ड तथा तथ्यमा आधारित बनाई तोकिएको लागत, गुणस्तर र समय सीमामा आयोजना सम्पन्न गरी अधिकतम प्रतिफल प्राप्त गर्ने सम्बन्धी कार्यविधिगत व्यवस्थालाई प्रभावकारी बनाउन बाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि तयार गरी लागू गरेको छ।

परिच्छेद-१

<u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस कार्यविधिको नाम "रणनीतिक कृषि सडक विकास कार्यक्रम (कार्यान्वयन) कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "आयोजना" भन्नाले रणनीतिक कृषि सडक विकास कार्यक्रम अन्तर्गत सञ्चालित कुनै सडक वा अन्य पूर्वाधार निर्माण, स्तरोन्नति वा मर्मतसम्भारको कार्य गर्ने आयोजना सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले रणनीतिक कृषि सडक कार्यक्रम सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले स्थानीय पूर्वाधार विकास विभाग अन्तर्गतका कार्यालय सम्झनु पर्छ।

(घ) "कृषि उत्पादन क्षेत्र" भन्नाले कृषि, वन तथा पर्यावरण मन्त्रालयद्वारा पहिचान गरिएका मुख्य पकेट, ब्लक, जोन र सुपर जोन सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ।

(च) "मर्मतसम्भार" भन्नाले सडकको दीर्घकालीन उपयोगिताका लागि गरिने नियमित, आवधिक र आपतकालीन मर्मत कार्यलाई सम्झनु पर्छ।

(छ) "लाइन मिनिस्ट्री बजेट सूचना प्रणाली (LMBIS)" भन्नाले अर्थ मन्त्रालयले प्रयोगमा ल्याएको बजेट सूचना प्रणाली सम्झनु पर्छ।

(ज) "विभाग" भन्नाले स्थानीय पूर्वाधार विकास विभाग सम्झनु पर्छ।

(झ) "रणनीतिक कृषि सडक" भन्नाले कृषि क्षेत्रलाई जोड्ने, कृषि उत्पादनको ढुवानीलाई सहज बनाउने र लागत न्यूनीकरण गर्ने रणनीतिक सडक सम्झनु पर्छ।

परिच्छेद -२

<u>आयोजना पहिचान, छनोट तथा मापदण्ड</u>

अशोक कुमार साह
महानिर्देशक

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास विभाग
श्रीमहल पुल्चोक, ललितपुर

३. आयोजनाको पहिचान (१) आयोजनाको पहिचान गर्दा देहायका सबै वा कुनै विषयलाई आधारको रुपमा लिन सकिनेछ।

(क) कृषि उत्पादन क्षेत्रलाई जोड्ने मुल सडक,

(ख) कृषि उत्पादनको सम्भावना भएका क्षेत्रलाई निकटतम बजार वा प्रशोधन केन्द्रसँग जोड्ने सडक,

(ग) निर्यात प्रवर्द्धन र कृषि व्यावसायीकरणको दृष्टिले महत्वपूर्ण सडक।

(२) कार्यालयले उपदफा (१) बमोजिम आयोजना पहिचान गरी अनुसूची-१ मा उल्लिखित विवरण खुलाई विभागमा लेखी पठाउनु पर्नेछ।

(३) कार्यालयले उपदफा (१) बमोजिम आयोजना पहिचान गर्दा सम्बन्धित स्थानीय तहसँग समन्वय गर्न सक्नेछ।

४. आयोजना छनौटः (१) दफा ३ बमोजिम पहिचान भएका सडक र मन्त्रालय एवं विभागमा प्राप्त माग मध्येबाट महत्व, उपलव्ध स्रोत तथा साधन, भौगोलिक र प्रादेशिक सन्तुलन समेतको आधारमा विभागले आयोजना छनौटका लागि मन्त्रालयमा सिफारिस गर्नेछ।

(२) विभागको सिफारिस बमोजिम आयोजना छनौटको अन्तिम जिम्मेवारी र उत्तरदायित्व प्रचलित कानुन अनुसार मन्त्रालयको हुनेछ।

५. सडक मापदण्ड पालना गर्नु पर्नेः यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गर्दा सडक निर्माण, स्तरोन्नति तथा मर्मतसम्भार सम्बन्धी प्रचलित कानून तथा नेपाल सरकारबाट स्वीकृत मापदण्ड र निर्देशिकाको पालना गर्नु पर्नेछ।

परिच्छेद -३

बजेट बाँडफाँट, आयोजना कार्यान्वयन तथा मर्मतसम्भार

६. बजेट बाँडफाँट र आयोजनाको कार्यान्वयनः (१) प्राप्त बजेट सिलिङ अनुसार दफा ४ बमोजिम छनोट भएका सडकहरूलाई बजेट बाँडफाँटको लागि विभागले मन्त्रालयमा सिफारिस गर्नेछ।

(२) वार्षिक विकास कार्यक्रममा समावेश भएका आयोजना मध्यमकालीन खर्च संरचनाको सिमा भित्र रही बहुवर्षीय रुपमा कार्यान्वयन गर्न सकिनेछ।

७. सडक मर्मतसम्भारः (१) कार्यक्रम अन्तर्गत निर्माण सम्पन्न भएका सडकको मर्मतसम्भार तथा संरक्षणको लागि विभागले सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्न सक्नेछ।

(२) सडक सम्पत्ति व्यवस्थापनको सिद्धान्त अनुसार सडक मर्मतसम्भार गर्ने पद्धतिको क्रमशः विकास गर्नु पर्नेछ।

परिच्छेद -४

विविध

८. प्रविधिको प्रयोगः विभागले कार्यक्रम अन्तर्गतका सडकको एकीकृत तथ्याङ्क प्रणाली विकास गर्न भौगोलिक सूचना प्रणाली (GIS) जस्ता स्थानिक (Spatial) प्रविधिहरुको प्रयोग गर्न सक्नेछ।

अशोक कुमार साह
महानिर्देशक

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास विभाग
श्रीमहल पुल्चोक, ललितपुर

९. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

१०. <u>बाधा अड्काउ फुकाउने:</u> यो कार्यविधि कार्यान्वयनका क्रममा कुनै द्विविधा वा अस्पष्टता भएमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

अशोक कुमार साह
महानिर्देशक

नेपाल सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास विभाग
श्रीमहल पुल्चोक, ललितपुर

अनुसूची– १

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

आयोजना पहिचान सम्बन्धी विवरण

सडकको विवरण:

क्र. सं.	प्रस्तावित सडकको नाम	जम्मा लम्बाई कि.मी.	वर्तमान सडकको औसत चौडाई मी.	कालोपत्रे सतह भएको खण्ड (कि.मी.)	ग्राभेल सतह भएको खण्ड (कि.मी.)	धुले/माटो सतह भएको खण्ड (कि.मी.)	प्रस्तावित नयाँ ट्र्याक खोल्नु पर्ने (कि.मी.)	सडकले जोड्ने मुख्य कृषि जोन/ सुपर जोन/ ब्लक/पकेट क्षेत्र आदि	उत्पादन हुने बाली	वार्षिक अनुमानित आम्दानी (रु. लाखमा)	लाभान्वित किसान परिवार संख्या	सडकको अनुमानित लागत (रु. लाखमा)	डि.पि.आर	वातावरणीय अध्ययन	कैफियत
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६
१.															
२.															
३.															

द्रष्टव्य:

(क) महल २ मा प्रस्तावित सडकको रेखाङ्कनको GPS Track (KML file) सहितको विवरण पठाउनु पर्नेछ।

(ख) महल ९ मा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय सरकारबाट तोकिएका कृषि पकेट क्षेत्र, ब्लक, कृषि जोन वा सुपर जोनहरुको नाम उल्लेख गर्नु पर्नेछ।

अशोक कुमार साह
महानिर्देशक